नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
जुम्ला

फोन नः ०८७-५२००१२
फोन नः ०८७-५२०१२
फ्याक्स नः ०८७-५२१८०
Email daojumla@gmail.com

प.सं:- ०७७/०७८
च.नं. ४८६

मिति २०७७/०६/०७

श्री गृह मन्त्रालय,(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा),
सिंहदरवार काठमाडौं, नेपाल।

**विषयः ज्ञापन पत्र पठाईएको वारे।**

प्रस्तुत विषयमा नागरिक समाज जुम्लाको मिति २०७७/०६/०७ गतेको ज्ञापन पत्र यस कार्यालय मार्फत ताहाँ प्रेशित गरिएको ज्ञापनपत्र पाना थान -२ यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ।

०७७/०६/०७
भूपेन्द्र थापा
प्रमुख जिल्ला अधिकारी

श्री प्रधानमन्त्री

मिति: २०७७/०६/०७

# ज्ञापन पत्र

सम्माननिय प्रधानमन्त्री ज्यू

सिंहदरवार, काठमाडौं

मार्फत

**प्रमुख जिल्ला अधिकारी**

**जिल्लाप्रशान कार्यालय जुम्ला, कर्णाली प्रदेश**

***विषय: आदरणीय व्यतित्व डा. गोबिन्द के.सि. ले सत्याग्रह मार्फत उठाउनु भएका मागहरुको तत्काल सम्वोधन र कार्यान्वयन गरियोस् ।***

सम्माननिय प्रधानमन्त्री महोदय, उपरोक्त सम्वन्धमा विगत लामोसमय देखि डा. गोबिन्द के.सि. ले सत्याग्रहमार्फत विषेशत नेपाली नागरिकको स्वास्थ्य र स्वास्थ्य शिक्षा क्षेत्रमा भएका चरम बेथिति, विसंगति, विकृतिहरु र भ्रटाचारको अन्त्य गर्दै आम नागरिकको हितलाई केन्द्रविन्दुमा राखेर राज्यले उचित संवोधन गर्नु पर्छ भन्दै आवाज बुलन्द बनाउँदै आएको विषय र यसले व्यापक नागरिक समर्थन पनि पाउँदै गैरहेको कुरा यहाँलाई सर्वविदितै भएको होला ।

सत्याग्रपूर्ण आन्दोलन चलाउँदै आएका डा. गोविन्द के.सी. यस पटकको १९औं सत्याग्र यही जुम्लाको सदरमुकाम खलङ्गा नजिक रानीचौरको बाविरा थान(मन्दिर)मा यहि भदौ २९ गते दिउँस २ बजेबाट सुरुवात गर्नु भएको थियो । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा तत्काल एम् विवि एस लगायतका अन्य कार्यक्रमहरु तत्काल लागु र कार्यन्वयन हुनु पर्ने उहाँको प्रमुख माग मध्यको एक माग रहेकोछ । विगत २०७५ सालमा पनि डा.केसिले यही जुम्लामा १६ औं सत्याग्र आन्दोलन गरेका थिए । सो माग पुरागर्ने सम्झौता त्यसबेलाको सरकार सँग भएको र त्यसबेलाको सरकारको नेतृत्व पनि बर्तमानका प्रधानमन्त्री केपी शर्मा वलीले नै गर्नु भएको थियो । यसरी आफैले सम्झौता गरेको काम दुई दुई वर्ष वितिसक्ता पनि कार्यन्वयन नगर्नु यो हामि जुम्ली जनतामाथिको अपमान र बेमानीहो भन्ने कुरा स्वतह देखिन्छ । विगतमा भएका सम्झौता उलंगन गर्नुका साथै आमनेपाली जनताको पक्षमा

भन्दा पनि केही मेडिकलमाफीया र भ्रष्टहरुको पक्षमा भएको आरोप डा. केसीले लगाएका छन् जुन कुरा हामी जुम्ली नागरिकलाई पनि लागेको छ र सत्य यहि हो ।

विगत वर्ष २०७५ को सत्याग्रहमा जिल्ला प्रशासनकार्यालय जुम्लाले आफूले कायम गरेको निषेधित क्षेत्र उलंघन गरेको आरोपमा सत्याग्रही डा. केसिलाई प्रहरीले हिरासतमा लिने अनसन स्थलबाट बलजफति उठाउने जस्ता अपमान जनक कार्यगरेको थियो । जुनकार्यको निरन्तरता यसपटको सत्याग्रमा पनि डा. केसी र उनका समर्थकहरुले व्यहोर्नु पर्‍यो । हिजो मात्र जुम्लाबाट काठमाडौ जाने क्रममा डा. केसीलाई काठमाडौंमा प्रहरि प्रशासनले गरेका अभद्र र अपमान जनक व्यवहार र कार्यको घोर निन्दा गदै आमनागरिकहरुलाई आक्रोशित र विश्व जनसमुदायलाई लज्जित गर्नेकार्य तत्काल बन्द गर्दै डा. केसीले उठाएका सम्पूर्ण मागहरुको यथाशिघ्र कार्यन्वयन र संवोदन गरियोस अन्यथा बर्तमान राज्य सत्ताले ठूलो मूल्य चुकाउनु पर्ने छ भन्दै डा. केसीको १९ औं सत्याग्रहो चौंथो दिनबाट एकवैद्धता जनाउँदै संकलन गरियको नागरिकको हस्ताक्षर समेत यो ज्ञापन पत्रसाथ बुझाएका छौं ।

(signature)

नागरिक समाज जुम्ला

अध्यक्ष

राजबहादुर महत